# वार्षिक नीति तथा कार्यक्रम

## आ.व.-२०७९/०८०

दिप्रुङ चुइचुम्मा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

### याङसोलाटार

प्रदेश नं. १ खोटाङ

# दिप्रुङ चुइचुम्मा गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
### याङ्सोलाटार, खोटाङ

## आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम

सम्मानित सभाका सभाध्यक्षज्यू,
गाउँ सभाका सदस्यज्यूहरु।

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको यस गरिमामय दोस्रो गाउँसभाको पहिलो अधिवेशनमा आगामी आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई अत्यन्तै गौरवान्दित महशुस गरेको छु। ईतिहास मै पहिलो पटक संविधान सभाबाट जारी नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा शान्ति, सुशासन, विकास र सम्बृद्धिको आकांक्षा पुरा गर्न संघ, प्रदेश र स्थानीय तहको गठन भई दोस्रो स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई पहिलो वर्षको नीति तथा कार्यक्रम यस सम्मानीत सभामा प्रस्तुत गर्न लागि रहेको छु। संघ प्रदेश र स्थानीय तहको विचमा सहकारिता, समन्वय, सहयोग र सह-अस्तित्वबाट "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय लक्ष्य पुरा गर्नु हामी सबैको साझा दायित्व हो। यही राष्ट्रिय लक्ष्यलाई आत्मसात गर्दै हामीले पनि "हाम्रो परिकल्पना, समृद्ध दिप्रुङ चुइचुम्मा" निर्माणको लक्ष्य लिएका छौ र सो को कार्यान्वयन गरी निर्धारित लक्ष्य हासिल गर्ने हामी सबैको साझा प्रतिवद्धता यस गरीमामय सभामा पुन दोहोउन चाहन्छु।

नेपालको सार्वभौम सत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र स्वाभिमान, लोकतन्त्र, लैङ्गिक समानता र सामाजिक न्याय लगायत आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरणका लागि भएका विभिन्न आन्दोलनहरुमा अग्रपंक्तिमा रहेर योगदान गर्नु हुने सम्पुर्ण अग्रज वीर पूर्खाहरु प्रति उच्च सम्मान व्यक्त गर्दै यस अभियानमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण

गर्दछु। विभिन्न आन्दोलनमा घाइते तथा अपाङ्गता भई कष्टकर जीवन बिताई रहनु हुने सहयोद्धाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

आर्थिक, प्राविधिक तथा व्यवस्थापकीय सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, नीजि क्षेत्र, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघ, संस्था, विकास साझेदारहरु एवं सम्पूर्ण सरोकारवालाहरुप्रति उच्च सम्मान व्यक्त गर्दै यस अभियानमा अहोरात्र खटिई सेवा प्रवाह गर्नुहुने सम्पूर्ण स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारीहरु, उद्योगी, व्यापारी, शिक्षक, युवा, विद्यार्थी, समूह तथा सहकारी लगायत सम्पूर्ण स्थानीय स्वयंसेवीहरुलाई गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

आदरणीय सभाध्यक्ष महोदय,

संघीय व्यवस्था बमोजिम गठित तीनै तहका सरकारको लक्ष्य तथा उद्देश्य सन्तुलित उत्पादन र न्यायोचित वितरण हो। सबै जाति, वर्ग, लिंङ्ग, क्षेत्र र विभिन्न अवस्थामा रहेका समुदायका नागरिकहरुको जीवनमा आर्थिक, सामाजिक र साँस्कृतिक दृष्टिकोणबाट समेत स्पष्ट लाभको अनुभूत गर्ने गरी दिगो, सकारात्मक, गुणस्तरीय र समन्यायीक गुण सहितको परिवर्तन ल्याउन आवश्यक छ। यसको प्रभावकारी कार्यन्वयनका लागि एकात्मक केन्द्रीकृत शासन प्रणालीको तुलनामा संघीय शासन प्रणालीमा नै नागरिकलाई सरकारसँगको सहज पहुँच स्थापित हुने विश्वास लिएर नेपालको संविधानले संघीयता अवलम्बन गरेको छ। यसै सन्दर्भमा नागरिकका यिनै सवालहरु संघ, प्रदेश र स्थानीय तहका सरकारका साझा गन्तव्य बन्नु पर्छ र बनाउनु पर्दछ। यसका लागि तीन वटै तहमा आ आफ्नो काम, कर्तव्य र अधिकारका क्षेत्रमा स्पष्टताका साथ आपसी समन्वय र सहकार्य गरी समृद्धिको यात्रामा अगाडी वढ्न सबै पक्षसँग हार्दिक अपिल गर्दै यहाँहरुसँग निरन्तर हातेमालो गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

देशले लिएको राजनैतिक, आर्थिक, सामाजिक र भौतिक विकासका लक्ष्यहरुलाई पुरा गर्न नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, चालु १५ औं. आवधिक योजना, संघीय सरकारका नीति तथा कार्यक्रम, प्रदेश सरकारका नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्यहरु, गाउँपालिकाका आवश्यकताहरु तथा दिप्रुङ चुइचुम्माबासी नागरिकका इच्छा चाहनाहरुलाई समेत यस नीति तथा कार्यक्रममा

समावेश गर्ने प्रयास गरेको छु। आगामी आ.व.मा जनताले राखेको अपेक्षालाई संम्बोधन हुने गरी आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन, संस्थागत विकास, लैंगिक समानता, सामाजिक न्याय र सुशासनको सम्बन्धमा हाम्रो आवश्यकता र क्षमतालाई समेत मध्यनजर गर्दै आगामी आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम पेश गरेको छु ।

संघीयता कार्यान्वयनको जगमा हाम्रो गाउँपालिका विकासको प्रारम्भिक चरणमा छ। पूर्वाधार विकास हाम्रो पहिलो आवश्यकता भएको कारण घर-घरमा खानेपानी, बाह्रै महिना चल्ने ग्रामीण सडक, मा.वि. सम्म निःशुल्क शिक्षा, गुणस्तरीय सर्वसुलभ स्वास्थ्य सेवा, वृहत सिंचाई, विद्युतीकरण, सुरक्षित र उज्यालो बजार लगायत गाउँपालिका र वडा पालिका कार्यालयहरुको प्रशासनिक भवनहरुको निर्माण तथा व्यवस्थापन जस्ता विकासका पूर्वाधार तयार गर्न नै धेरै बजेट खर्च गर्नु पर्ने वाध्यता हामीसँग छ । यसका बावजुद पनि कृषि, पर्यटन, पशुपालन, व्यापार व्यवसाय तथा उद्योग प्रवर्द्धन लगायतका आर्थिक, सामाजिक, साँस्कृतिक एवं मनोसामाजीक समस्याका क्षेत्रमा योजनावद्ध ढंगले नीतिहरु निर्माण गरी कार्यान्वयन गर्ने लक्ष्य लिएका छौं। महिला, वालवालिका, अपाङ्गता, जेष्ठ नागरिक, गरीव तथा पछाडी परेका वा पारिएका वर्गको सशक्तिकरणका लागि विशेष योजना बनाई लागु गरिने छ।

संघीयताको अवधारणा अनुरूप नेपालको संविधानले स्थानीय तहहरूलाई कार्यकारी, व्यवस्थापकीय र आंशिक न्यायिक  अधिकारहरु सुनिश्चित गरेको छ ।जसले गर्दा स्थानीय तहहरू अन्य तहका सरकारहरूसँग सहकारिता, सह—अस्तित्व र समन्वयको सिद्धान्तका आधारमा सम्बन्ध कायम गरी व्यवस्थापकीय, कार्यकारी र न्यायिक अधिकारहरु प्रयोग गर्न सक्षम बनाइने छ । जनयुद्ध जनआन्दोलन पश्चात संक्रमणकालीन व्यवस्थाको अन्त्य भई संघीयताको सफल कार्यान्वयनसंगै नागरिकले सबैभन्दा नजिकबाट देख्ने र भेट्ने सरकारको रुपमा स्थानीय सरकार रहेको छ ।स्थानीय सरकारबाट प्रदान गरिने सेवा नै छिटो र प्रभावकारी हुन्छ भन्ने संघीयताको मूल मर्म अनुरुप नीति, नियम, ऐन कानुन, योजना तथा वजेट तर्जुमा गरी यसको कार्यान्वयन स्थानीय स्तरमै प्रभावकारी ढंगले भइरहेका छन् ।यसका बावजुद पनि गाउँपालिकाको समग्र विकासको लागि पालिका स्तरीय गौरवका आयोजनाहरुको संचालन, सम्पन्न भएका योजनाहरुको

हस्तान्तरण र संस्थागत विकास तथा लक्षित समुदायको सामाजिक सुरक्षा, स्वरोजगार एवं जनजीविकाको सवालमा गर्नुपर्ने कार्यहरु अझै धेरै बाँकी रहेको अनुभूति गरीरहेका छौं ।यसको उचित सम्वोधनका लागि चालु आ.व. २०७९/८० मा अझै तीव्र गतिमा आयोजनाहरु सम्पन्न गरी यो महत्वपूर्ण तथा ऐतिहाँसिक कार्यकाल सफल बनाउन एक कोशेढुंगा सावित हुने विश्वास लिएको छु ।

गाउँपालिकालाई अझै सबल र समृद्ध बनाउन हामीसँग उपलब्ध भएको सीमित श्रोत साधनको अधिकतम सदुपयोग गरी नयाँ जोस जाँगरका साथ समग्र विकास निर्माणमा दत्तचित्त भएर जिम्मेवारी निर्वाह गर्न सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अपील गर्दछु ।साथै दिप्रुङ चुइचुम्माबासीको भावना र आवश्यकताको उच्च सम्मान गर्दै गाउँपालिकालाई सुन्दर, शान्त र समृद्ध बनाउने अभियानका साथ "**हाम्रो परिकल्पना: समृद्ध दिप्रुङ चुइचुम्मा** " को नारालाई आत्मसाथ गरी सोही अनुसारको दीर्घकालीन उद्देश्य राखी यस गाउँपालिकाको समग्र राजनैतिक, आर्थिक सामाजिक र सांस्कृतिक विकासमा अगाडी बढाउन हामी मन, वचन र कर्मले सधै प्रतिवद्ध र कटिवद्ध बनेका छौ र बनिरहने छौं भन्नेमा एकमत छौं ।अब म यस दिप्रुङ चुइचुम्मा गाउँपालिकाको आ.ब.२०७९/०८०को नीति तथा कार्यक्रम यस सम्मानीत सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

आदरणीय सभाध्यक्ष महोदय,

**आ.ब.२०७९/०८० को नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरु :**

(क) धुलो रहित कक्षा कोठा व्यवस्थापन र गुणस्तरीय, बालमैत्री, प्रविधिमैत्री शिक्षा

ख) गुणस्तर तथा सर्वसुलभ स्वास्थ्य सेवामा सुधार,

ग) कृषिको आधुनिकीकरण, व्यवसायिकरण

(घ) कृषि उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि मार्फत खाद्य सुरक्षाको प्रत्याभूति,

(ङ) तत्काल प्रतिफल प्राप्त हुने रणनैतिक महत्वका पूर्वाधार निर्माण (सड्क सुधार),

(च) सबै प्रकारका विभेद र असमानताको अन्त्य, समन्यायिक विकास र विकासका प्रतिफलको न्यायपूर्ण वितरण ।

(छ) सूचना प्रविधिक तथा संञ्चारमा विकास,

(ज) जनताको जीवनस्तर, आम्दानी र रोजगारीमा अभिवृद्धि

(झ) विपद व्यवस्थापन
(ञ) दिगो विकास वातावरणीय संरक्षण तथा सम्वर्द्धन
(ट) भ्रष्टाचार नियन्त्रण, सुशासन र सेवा प्रवाहमा प्रभावकारीता
(ठ) लैंगिक समानता र सामाजिक समावेशीकरण
(ड) पर्यटन पूर्वाधार तथा संस्कृति प्रवर्द्धन

**(क) आर्थिक तथा राजश्व सम्बन्धी नीतिः**

१.दिप्रुङ चुइचुम्माको आवश्यकता र विकासका लागि आवश्यक पर्ने राजश्व संकलन गर्नका लागि राजश्व विज्ञ टोलीको अध्ययन समिति गठन गरिने छ। साथै राजश्वका
२.जनतालाई करको भार महशुस नगराई, नीजी क्षेत्रको विकासमा वाधा नपुग्ने गरी प्रगतीशिल कर प्रणालीको माध्यमद्धारा करका दरहरु निर्धारण गरिने छन् ।
३.गाउँपालिकाको आन्तरिक राजश्वलाई अभिवृद्धि गर्न गाउँपालिकाबाट उपलब्ध गराइएका सेवा सुविधा वापत न्यनतम सेवा शुल्क निर्धारण गरिने छ ।
४. "**राजश्व संकलन भार होइन समृद्धिको आधार हो**" भन्ने चेतना जागरण गराउन कर सम्बन्धी प्रशिक्षण, छलफल वा तालिम कार्यक्रम मार्फत सचेतना अभियान निरन्तर संचालन गरिने छ ।
५.सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा उपेक्षित वर्गका लागि सहुलियत हुने गरी तोकिए बमोजिम सेवा शुल्क निर्धारण गरिने छ ।
६.स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा टेवा पुऱ्याउने कर नीति अवलम्बन गरिने छ ।
७.स्वास्थ्य, शिक्षा, कृषि विकासको क्षेत्र, विपद र विपन्न नागरिकहरुलाई गाउँपालिकाबाट गरिने सिफारिसमा निःशुल्क व्यवस्था मिलाइने छ ।
८.राजस्व प्रशासनलाई अझ चुस्त र पारदर्शी बनाउन गाउँपालिका र सबै वडा कार्यालयहरुमा राजश्व प्रशासनका लागि सफ्टवेयर जडान गरी कम्प्युटर बिलिङको सुरुवात गरिने छ। राजश्व प्रशासनमा काम गर्ने कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिने छ।
९.व्यवसायको पहिचान, दर्ता, अभिलेखीकरण र वर्गीकरण गरी व्यवसायलाई व्यवस्थित गर्न सफ्टवेयर प्रणलीमा आवद्ध गर्ने साथै वर्गीकरण र कारोवारको आधारमा व्यवसाय करको दर निर्धारण गरी राजश्व संकलन गरिने छ ।

१०.गाउँपालिकालाई प्राप्त राजश्वका अधिकारसँग सम्बन्धीत व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा सुविधाहरू आदिको अभिलेख तयार गरी अद्यावधिक गरिने छ।

११.गाउँपालिकाको राजश्व प्रशासनलाई थप प्रभावकारी बनाउन, राजश्व परामर्श समितिको सक्रियतामा समितिले नियमित राजश्व असुलीको अनुगमन गर्ने व्यवस्था मिलाइने छ ।

१२.चालु खर्चलाई निश्चित सिमामा राखी पूँजीगत खर्चमा अभिवृद्धि गरिने छ ।

१३.आम्दानी र खर्चलाई वर्गीकरण तथा लेखाकंन गरी आन्तरिक नियन्त्रण प्रणाली र लेखा परिक्षण प्रणलीलाई सफ्टवेयर प्रणालीमा आवद्ध गरिने छ ।

१४.एकीकृत सम्पति कर लागु गर्न आवश्यक कार्यविधि बनाइ कर प्रशासनको समयानुकुल सुधार गरिने छ ।

१५. संघीयताको मूल मर्मलाई ध्यानमा राखी विकेन्द्रीकरणको सिद्धान्तलाई आत्मसात गर्दै प्रत्येक वडामा समानुपातिक प्रणालीको आधारमा सिलिङ मार्फत बजेट पठाउने नीति लिइने छ।

## १. आर्थिक विकास तर्फ-

### (क) कृषि तथा पशु विकास सम्बन्धी नीति-

१.कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारीको व्यवस्था गरी सेवा केन्द्र मार्फत सबै किसानको पहुँच हुने गरी कृषि तथा पशुपालन सम्बन्धी प्राविधिक सेवा विस्तार गरिने छ ।

२.कृषि सम्बन्धी सूचनाहरू तथा कार्यक्रम बनाइ स्थानीय पत्रपत्रिका, रेडियो तथा सामाजिक सञ्जाल मार्फत सम्प्रेषण गरी कृषि तथा पशुपालन सम्बन्धी जानकारी सबै कृषकको पहुँचमा पुऱ्याइनेछ ।

३.कृषि उत्पादन वृद्धि गरी कृषिमा आत्मनिर्भर बनाउदै कृषि उत्पादनको निर्यात गर्ने वातावरण तयार गर्न कृषि भूमिको उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।

४.गाउँपालिका क्षेत्र भित्रका कृषक समूह र सहकारी र महिला आत्मनिर्भर समूह मार्फत उन्नत जातका बीउ विजनमा अनुदान उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

५.कृषक दर्ता तथा सूचीकरण गरी कृषि स्रोत केन्द्र स्थापना गरी तालिम सञ्चालन गर्ने नीति लिइने छ साथै राष्ट्रिय किसान परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाईने छ।

६.कृषिमा यान्त्रिकरण, आधुनिकीकरण तथा व्यवसायिकरण गर्दै यसलाई मर्यादित पेशाको रुपमा विकास गरिने छ । यसका लागि वडागत रुपमा पकेट/ब्लक कार्यक्रम गर्ने नीति लिइने छ।

७.कोरिडोरमा आधारित कृषि बाली छनौट गरी उपयुक्त बाली लगाउन माटोको गुणस्तर परिक्षणको व्यवस्था मिलाइने छ ।

८.वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई व्यवसायिक कृषि क्षेत्रमा आकर्षित गर्न प्रोत्साहन गर्ने नीति लिईने छ।साथै पालिका भित्र रहेर कृषि क्षेत्रमा व्यवसायिक खेती गरिरहेका युवा कृषकहरुलाई प्रोत्साहन गर्ने नीति लिइने छ।

९.व्यावसायिक मौरीपालन, फलफुल र च्याउ खेतीको लागि प्रोत्साहन नीति गर्ने लिइने छ।

१०.कृषक, व्यवसायी, उद्यमी र प्राविधिकहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।

११.सिंचाई नपुगेको कृषियोग्य जमिनमा सिँचाईको सुविधा पुऱ्याइने छ ।

१२.पशुपन्छीको उपचार र रोगहरूको रोकथामका लागि निःशूल्क औषधी वितरण र भ्याक्सिनेशन कार्यक्रमको व्यवस्था गरिने छ ।

१३.पशुपंन्छीबाट मानवमा सर्न सक्ने रोगहरूका सम्बन्धमा जनचेतना अभिबृद्धि र जनस्वास्थ्य संरक्षणमा सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिने छ ।

१४.पशु तथा कृषि प्रवर्द्धन लागि "**एक गाउँ एक उत्पादन कार्यक्रम**" साझेदारी नीति अवलम्वन गरिने छ । पशुपंक्षी विमा कार्यक्रम लाई अभियानको रुपमा सन्चालन गरिने छ ।

१५.कृषकको घरमा कृषि प्राविधिक पुगी सबै कृषकको घरमा कृषि तथा भेटनरी सेवा उपलब्ध गराउन किसान घरदैलो सेवा कार्यक्रम संचालन गरिने छ ।

१६.किसानहरुलाई बीउबीजन, कृषि उपकरण, विषादी लगायतका कृषि सामग्रीहरु वितरण गरिने छ ।

१७.स्वच्छ, स्वस्थ्य र पौष्टिक कृषि उत्पादनलाई प्रवर्द्धन गर्न र रासायनिक मल तथा विषादीको प्रयोगबाट पर्ने प्रभावलाई न्युनीकरण गर्न अर्गानिक खेती प्रोत्साहन कार्यक्रम संचालन गरिने छ ।

१८.कस्टम हायरिङ सेन्टर( Custom Hiring Center), कृषि यन्त्र मर्मत केन्द्रको स्थापना गर्न सम्भाव्यता अध्ययन गरी कृषि आधुनिकीकरणमा जोड दिइने छ।

१९.गाउँपालिका क्षेत्रभित्र नगदेबाली चियाको सम्भाव्य अध्ययनका लागि वडा नं. २, ५, ६ र ७ लाई कार्यक्षेत्र बनाई विषय विज्ञ टोलीको राय तथा सल्लाह मुताविक सो क्षेत्रलाई चिया पकेट क्षेत्र घोषणा गरी सम्बन्धित क्षेत्रका इच्छुक कृषकहरुलाई प्रोत्साहन गर्ने नीति लिइने छ।

**(ख) पर्यटन, संस्कृति प्रवर्द्धन सम्बन्धी नीतिः**

१.पर्यटनलाई आर्थिक विकासको श्रोतको रुपमा विकास गर्न पर्यटकीय स्थल निर्माण, व्यवस्थापन र पहिचान गरी पालिकालाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने नीति लिइने छ।

२.साँस्कृतिक विविधता र भौगोलिक सुन्दरताले आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्य स्थलको सम्भावना भएका धिप्लुङ झरना, मैस्याङ डाँडा, राम्चे, जलजला ताल लगायतका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने लक्ष्य लिइने छ ।

३.गाउँपालिका क्षेत्रभित्र रहेको ऐतिहासिक धार्मिक तथा सास्कृतिक सम्पदालाई संरक्षण गर्दे पर्यटकीय क्षेत्रको रुपमा विकास गरिने छ ।

४.गाउँपालिकामा भित्र रहेको भाषा, धर्म, संस्कृतिलई जीवन्तकालसम्म जगेर्ना गर्नका लागि विभिन्न संस्कृति झल्कने सांस्कृतिक संग्रहालय निर्माणका लागि विभिन्न सरोकारवालाहरु सँग सम्भाव्यता अध्ययन गरिने छ ।

५.गाउँपालिका स्तरीय पर्यटन प्रवर्द्धन समिति गठन गरिने छ ।

६.स्थान विशेषका आधारमा मातृभाषामा अध्यापन गराउन चाहने सम्बन्धित निकायहरुको सम्भाव्यताको अध्ययन गरी आवश्यक्ता र औचित्यताको आधारस्तम्भ तयार गर्ने नीति लिइने छ ।

**(ग) उद्योग, बाणिज्य तथा सहकारी सम्बन्धी नीतिः**

१.गाउँपालिकाबाट संचालन गरिने स्वरोजगारमूलक तथा सीपमूलक, क्षमता अभिवृद्धि लगायतका कार्यक्रमहरु लागत सहभागिताको आधारमा सम्बन्धीत सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुसँग समन्वय तथा सहकार्यमा गरी संचालन गर्ने नीति अवलम्बन गरिने छ।

२.दलित समुदायको परम्परागत सीप कला र पेशालाई संरक्षण, संम्वर्द्धन र आधुनिकीकरण गरी व्यवसायिक बनाउन र रोजगारीको अवसर विस्तार गर्न उत्थान तथा विकास कार्यक्रम संचालन गरिने छ साथै सीप विकास र बजार प्रवर्द्धनमा अनुदान दिइनेछ ।

३.ग्रामीण गरिबी न्युनीकरणका लागि विभिन्न स्वरोजगारमूलक र आयआर्जनका कार्यक्रम प्राथमिकता साथ संचालन गरिने छ ।

४.सार्वजनिक, निजी साझेदारीको अवधारणाको आधारमा उद्योग स्थापनाको लागि लगानी आकर्षण गर्न एक अध्ययन समिति वनाई कार्यन्वयनको अवलम्बन गरिने छ ।

५.स्थानीय उत्पादनको वृद्धि, विकास, भण्डारण र व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइने छ। साथै आफ्नै गाउँघरमा रहने रोजगार नपाएका यूवाहरुकोलागि आयआर्जन सम्बन्धी विज्ञ सहितको अध्ययन समिति गठन गरी विशेष प्याकेज ल्याउने नीति अवलम्वन गरिने छ ।

६.“**हाम्रो परिकल्पना: समृद्ध दिप्रुङ चुइचुम्मा**” भन्ने दिप्रुङ चईचुम्मा गाउँपालिकाको नारालाई मूर्तता दिनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत गाउँपालिकामा रहेको बेरोजगारी समस्यालाई समाधान गर्दै लैजाने नीति लिइने छ।

७.वर्तमान अवस्थामा विदेशबाट फर्केका समग्र यूवाहरुको सीप, क्षमता र अनुभवलाई एकीकृत गरी गाउँपालिकामै रोजगार बनाउने नीति तथा कार्यक्रमलाई  प्राथमिकता दिइने छ।

८.युवा स्वरोजगार कार्यक्रम मार्फत युवा जनशक्तिलाई परिचालित गरिने छ। स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिने छ।

## २. सामाजिक विकास तर्फ

### (क) शिक्षा

1. नेपालको संविधान २०७२ को अनुसूची ८ र ९  ले दिइएको  अधिकार र स्थानीय सरकार संचालन ऐन २०७४ ले दिइएको  अधिकार प्रयोग गर्दै शिक्षाको गुणस्तर अभिवृद्धि गर्न वडा को बजेट सिलिङको २० प्रतिशत रकम अनिवार्य रुपमा विनियोजन गर्ने नीति अवलम्बन गरिने छ।
2. **हाम्रो सामुदायिक विद्यालय, राम्रो सामुदायिक विद्यालय** भन्ने नारा तय गरी सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्ने नीति लिइने छ।
3. धुलो रहित कक्षाकोठा निर्माणको कार्य यथासिघ्र रुपमा सम्पन्न गर्ने नीति लिइने छ।
4. विद्यालय शिक्षाको आधारको रुपमा रहेको बाल विकास केन्द्रलाई व्यवस्थित शैक्षिक सामाग्रीयुक्त बनाई बाल विकास केन्द्रमा कार्यरत शिक्षकलाई मन्टेश्वरी तालिम र  गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुलाई शैक्षिक सामाग्री प्रदान गर्ने नीति लिइने छ।
5. विद्यालयको गुणस्तर परीक्षणका लागि गाउँपालिका स्तरीय गुणस्तर  योग्यता मापनको परीक्षा सञ्चालन गर्ने नीति लिइने छ।
6. विषयगत तथा तहगत दरबन्दी अपुग भएका सामुदायिक विद्यालयहरुमा दरबन्दी व्यवस्था गर्ने नीति लिइने छ।
7. प्रत्येक विद्यालयमा विद्यालय नर्स कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ।

8. सबै विद्यालयमा ईन्टरनेट सेवा जडान गरिनुका साथै विद्यालयलाई प्रविधिमैत्री बनाउने नीति लिइने छ।
9. विद्यालयको सुपरिवेक्षणको संस्थागत संयन्त्रको विकास गरी प्रभावकारी सुपरिवेक्षण सहित शिक्षक सहयोग कार्यक्रम सञ्चालन र सुपरिवेक्षणलाई प्रभावकारी बनाउन प्रविधिमैत्री बनाउँदै लगिने तथा उत्कृष्ट र नतिजामुखी बनाउने नीति लिइने छ।
10. विद्यालय तथा वालविकास केन्द्रमा कार्यरत बाल विकास शिक्षक तथा विद्यालय कर्मचारीलाई स्थानीय सरकारको सामर्थ्य अनुसार क्रमिक रुपमा तलब भत्ता बढाउँदै राज्यले तोके बमोजिमको न्युनतम पारिश्रमिक कायम गरिने नीति लिइने छ।
11. प्राविधिक विद्यालय स्थापना तथा स्नातक कक्षा सञ्चालन गर्ने चाहने विद्यालयलाई प्रस्तावनाको आधारमा विशेष सहयोग उपलब्ध गराउने नीति लिइने छ।
12. आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछाडी परेका व्यक्तिहरुलाई शिक्षाको मुलधारमा ल्याउने सकारात्मक विभेदको नीति लिई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ।
13. सामूदायिक विद्यालयमा अध्ययनरत गरीब तथा जेहेन्दार विद्यार्थीहरुका लागि माथिल्लो कक्षा अध्ययन गर्न प्रोत्साहन छात्रवृत्ति प्रदान गर्ने नीति लिइने छ।
14. विद्यालय बाहिर रहेका सम्पूर्ण बालवालिकालाई अनिवार्य रुपमा विद्यालय भर्ना गर्ने विद्यालयलाई प्रोत्साहन गर्ने नीति लिइने छ।
15. सबै विद्यालयमा विषयगत शिक्षकको व्यवस्थापन गर्दै सक्षमता अभिवृद्धि गर्नुका साथै शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाई उपलब्धि सँग जिम्मेवार बनाउने नीति लिइने छ।
16. करार शिक्षक तथा कर्मचारीको नियुक्तिलाई व्यवस्थित, मर्यादित र प्रतिस्पर्धात्मक रुपमा सञ्चालन गर्ने नीति लिइने छ।
17. विद्यालयहरुका आवश्यकता र औचित्यताको आधारमा शिक्षकको दरबन्दी मिलान तथा कामकाजमा खटाउने व्यवस्था गरिने छ। यसरी कामकाजमा खटाउँदा विद्यालयको हितलाई सर्वोपरी मानि विषयगत आधारमा शिक्षक व्यवस्थापनको प्रक्रिया अगाडि बढाईनेछ र आवश्यकताका आधारमा स्थायी दरबन्दी र राहत दरबन्दीको समायोजन गर्ने नीति लिइने छ।

18. विद्यालय व्यवस्थापन र सरसफाईलाई प्रतियोगितात्मक बनाउने नीति लिइने छ।
19. शिक्षक तालिमको स्थायी संयन्त्रको विकास गरी तालिमको सञ्चालन र तालिमबाट प्राप्त ज्ञान, सिपलाई कक्षाकोठासम्म पुऱ्याउनको लागि सुपरिवेक्षणको तहगत संरचनाको निर्माण गरिने छ। यस्ता तालिम तथा सुपरिवेक्षणको लागि शिक्षकलाई निश्चित अवधिको लागि काजमा लिने नीति लिइने छ।
20. अभिभावक शिक्षा तथा बालबालिकाको लागि मनोपरामर्शको कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ।
21. प्रत्येक मा.वि विद्यालयमा नेपाल स्काउट, बालक्लब, जुनियर रेडक्रस जस्ता स्वयंमसेवी सस्थाको स्थापना गरी बालबालिकामा राष्ट्रप्रेम तथा समाजसेवी भावनाको विकास गर्ने नीति लिइने छ।
22. सामूदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि तहगत रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने नीति लिइने छ।
23. विद्यालय शिक्षालाई व्यवहारिक जीवनोपयोगी र ज्ञानमा आधारित बनाउन माटो सुहाउँदो एवम् स्थानीय विशिष्टता र उद्यमशीलतामा आधारित स्थानीय पाठ्यक्रम निर्माण गर्ने नीति लिइने छ।
24. विद्यार्थीहरुलाई सार्वजानिक सेवा, सुरक्षा, ट्राफिक नियम तथा अन्य सम्बन्धीत विषयमा सचेतना कार्यक्रम प्रत्येक शैक्षिक सत्रको एक दिन विद्यार्थीसँग राष्ट्रसेवक कर्मचारी र प्रहरी कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ।
25. प्रधानाध्यपकको नेतृत्व क्षमता विकास तालिम, शिक्षकको तहगत तथा विषयगत तालिम ,लेखा कर्मचारी तथा कम्प्युटर शिक्षकको लागि आइसिटी तालिम प्रदान गरिने छ।
26. विद्यालयमा छानो, खानेपानी ,घेराबारा, शौचालय निर्माणका साथै आवश्यक अन्य भौतिक संरचना निर्माण गर्ने नीति लिइने छ।
27. विभिन्न किसिमका महामारीको समयमा भएको शैक्षिक क्षतिबाट ज्ञान लिदै असहज परिस्थितिमा हुने शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न बैकल्पिक शिक्षणको लागि आवश्यक पूर्वाधार विकासको नीति लिइने छ।

28. सामूदायिक विद्यालयमा कार्यरत सबै किसिमका शिक्षक तथा कर्मचारीहरुको पोशाकमा एकरुपता कायम गरी शिक्षकहरुको विभेद अन्त्य गर्न पोशाक भत्ता उपलब्ध नभएका (संघीय अनुदान र गाउँपालिका अनुदान) शिक्षक तथा कर्मचारीहरुलाई गाउँपालिका र विद्यालयबाट नियुक्त शिक्षक कर्मचारीहरुलाई समेत सम्बन्धित विद्यालयबाटै पोशाक भत्ता उपलब्ध गराउने नीति लिइने छ।

29. विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत प्राप्त हुने सशर्त अनुदान मार्फत विद्यालयलाई प्राप्त हुने कार्यक्रमहरुको शीर्षकगत रुपमा अनुगमन तथा सुपरीवेक्षण गरी पृष्ठपोषण प्रदान गर्ने नीति लिइने छ।

## ख) स्वास्थ्य, खानेपानी तथा सरसफाई

१) स्थानीय सरकारले गुणस्तरीय स्वास्थ्य, शिक्षा, स्वच्छ खानेपानी तथा सरसफाई सेवामा सबै गाउँपालिका बासीको समतामूलक पहुच हुनेगरी कार्यक्रम संचालन गर्ने नीति लिइने।

२. स्वास्थ्यमा सबैको पहुँच पुऱ्याउनका लागि स्वास्थ्य ईकाइहरुको निर्माण, स्तरोन्नती, पूर्वाधार विकास जनशक्तीको व्यवस्था र सेवाको गुणस्तरमा बृद्धि गरिने छ।

३. यस बर्ष भित्रमा सबै नागरिकमा पुग्नेगरी स्वास्थ बीमा कार्यक्रम, घुम्ती शिविर संचालन, स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम संचालन गरिने छ।

४. गाउँपालिका भित्र स्वास्थ संस्थाहरुमा आवश्यक औषधीको अभाव हुन नदिने गरी बजेट व्यवस्थापन गरिने छ।

५. दिप्रुङ चइचुम्मा बासी नागरिकको लागि निशुल्क रुपमा एम्बुलेन्स सेवा प्रदान गरिने छ।

६. सक्षम एवम् जवाफदेही समन्वय, अनुगमन तथा नियमन संयन्त्र एवं प्रक्रियाद्वारा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गरिने छ।

७. किशोरकिशोरी लक्षित विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, महिनावारी चक्र तथा सरसफाइ, प्रजनन स्वास्थ्यबारे कार्यक्रम संचालन गरिने छ।

८) जटिल प्रकारका रोगहरु क्यान्सर, मृगौला, मुटु लगायत उपचारमा सहयोग गर्ने नीति लिइने छ।

९. खोप क्लिनिक तथा गाउँघर क्लिनिक मासिकरुपमा संचालन गर्ने नीति लिइने छ।

११. गुणस्तरीय स्वास्थ्य सेवालाई सबै स्वास्थ्य संस्थाबाट सेवाप्रवाह गर्नका लागि सबै स्वस्थ्य संस्थामा गुणस्तरीय ल्याब व्यवस्थापनका लगि आवश्यक पूर्वाधारको थालनी गरिने छ।
१२. मातृ तथा नवजात शिशुको मृत्युदर घटाउन र घरमा शून्य प्रसुती घोषणा अभियान कार्यक्रमलाई अझ टेवा पुऱ्याउनको लागि आकस्मिक स्वास्थ्य उपचार कार्यक्रम संचालन गरिने छ।
१३. आधारभूत तालिम नलिएका तथा नयाँ भर्ना भएका महिला स्वास्थ्य स्वयंसेविकालाई आधारभूत तालिमको व्यवस्था गरिने छ।
१४) **एक घर, एक धारा**को आकांक्षा पुरा गर्न खानेपानी अभाव भएको स्थानमा खानेपानीको मुहान पहिचान गरी त्यस्ता मूहानहरुको संरक्षण र सम्बर्द्धन गर्न विशेष नीति लिइने छ । साथै मुहान नभएका स्थानहरुमा लिफ्टीङ, पम्पिङ विधिद्धारा खानेपानीको व्यवस्था मिलाउने नीति लिइने छ।

१५) गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गरिरहेका दीर्घरोगीहरुको लागि मान्यता प्राप्त स्वास्थ्य संस्था र चिकित्सकको प्रिस्क्रिप्सनको आधारमा प्रयोग गरिरहेको औषधिको मूल्यको ५० प्रतिशत आर्थिक सहयोग गर्ने नीति लिइने छ। साथै सो व्यबस्था मिलाउन आवश्यक कार्यविधि तयार गर्न एक अध्ययन समिति गठन गरिने छ ।

## सार्वजानिक सेवा प्रवाह तथा क्षमता विकास

- गाउँपालिकाको दीर्घकालीन विकासका लागि स्वीकृत आवधिक तथा परिबर्तित योजनाहरुलाई आवश्यकता र औचित्यको आधारमा प्राथमिकीकरण गरी अध्यावधिक गरिने छ।
- गाउँपालिका भित्रका नागरिकहरुको विपन्न, दलित, सिमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक, पिछडिएको वर्गको लागि विद्युत महसुलमा सहुलियत दिने नीति लिइने छ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुका लागि भत्ता प्राप्तिको असहजता अन्त्य गर्न सम्बन्धित बैंकसँग सहकार्य र समन्वय गर्दै प्रविधिको

उपयोग मार्फत स्थानीय स्तरमा भत्ता वितरण गर्नको लागि आवश्यक पहल गर्ने नीति अवलम्बन गरिने छ।

- गाउँपालिका क्षेत्रभित्र स्थानीय घरेलु तथा साना उद्योगको सम्भाव्यता अध्ययन गरी स्थानीय उद्यमीहरुलाई प्रोत्साहन गर्न अल्लोको धागो प्रशोधन उद्योग स्थापना गर्ने नीति अवलम्बन गरिने छ।
- सेवा प्रवाहलाई सुशासनयुक्त र प्रविधिमैत्री बनाउन विशेष प्याकेजको व्यवस्था गरिनेछ।
- योजना अनुगमन कार्य चुस्तदुरुस्त छिटो छरितो बनाउन प्रविधिको समुचित प्रयोग गर्दै जनमुखी बनाइनेछ।
- भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लागु गरिने छ।
- प्रत्येक विकास आयोजनाको होर्डिङबोर्ड अनिबार्य राख्ने व्यवस्था मिलाइने छ।
- विकास निर्माण उपभोक्ता समितिहरुलाई अभिमूखिकरण तालिमको व्यवस्था मिलाईने छ।
- वडामा कार्यरत कर्मचारीहरुको क्षमता विकासका लागि पञ्जीकरण सम्बन्धी तालिमको व्यवस्था गरी घटना दर्ता कार्यलाई प्रभावकारी बनाइनेछ।
- प्रत्येक वडामा तीव्र गतिको इन्टरनेटको क्षमता विकास गरी सेवा प्रवाहलाई थप जनमुखी बनाइने छ।
- पालिकालाई समृद्धितर्फ उन्मूख गराउन राजश्व परिचालन समितिलाई थप जिम्मेवारी बनाई चुस्तदुरुस्त बनाइने छ।
- पालिकाको कार्य प्रगति र जनताका जनगुनासो सुन्न तथा राय सुझाव लिनको लागि त्रैमासिक रुपमा सार्वजानिक सुनुवाइ कार्यक्रम संचालन गरिने छ।
- आन्तरिक र अन्तिम लेखा परीक्षण गाउँपालिकाको केन्द्रमा नै गराइने छ।

## महिला तथा बालबालिका

- महिलाहरुको आयआर्जनमा प्रोत्साहन गर्ने नीति लिइने छ।
- महिलाहरुको लागि बनाइएको भौतिक संरचनाहरुमा फर्निचर, तथा शौचालयहरुको व्यवस्थापन गर्दै लगिने छ। आमा समुहहरुको लागि भौतिक संरचनाहरुको निर्माण गर्ने नीति लिइने छ।

- गरिब, विपन्न, तथा एकल महिलाहरुको लागि सीप विकास तालिम संचालन गरी आर्थिक आयआर्जनमा विशेष जोड दिने नीति लिइने छ ।
- किशोरावस्थामा उच्च संवेगात्मक आवेगको निर्णयले समाजमा पार्ने असरप्रति सजगता अपनाउदै गाउँपालिकाले किशोर किशोरी लक्षित प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ।
- टोल-टोलमा छरिएर रहेका आमासमुहहरुलाई सहकारी दर्ता गरी संस्थागत रुपमा सञ्चालन गर्न प्रोत्साहित गरिने नीतिलाई निरन्तरता दिइने छ।
- उद्यमशिलता विकासका लागि महिलाहरुलाई व्यवसायिक र आय मूलक कार्यक्रम ढाका बुनाई, अल्लो बुनाइ, सिलाई कटाई, कृषि उपज, घरेलु उद्योग सम्बन्धी तालिम सञ्चालन गर्ने नीति लिइने छ।
- गाउँपालिका भित्रका उच्च जोखिममा परेका गर्भवती महिलाहरुको स्वास्थ्यलाई ध्यानमा राख्दै त्यस्ता महिलाहरुलाई उद्धार गरिने छ । जसको लागि आवश्यक बजेटको व्यवस्था मिलाइने छ।
- महिला, बालबालिका र फरक क्षमताका व्याक्तिप्रति गरिने हिंसा न्यूनिकरण सम्बन्धी विभिन्न जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिने छ।
- एकल तथा विपन्न महिला जीवीकोपार्जन कार्यक्रमलाई निरन्तरता दिईने छ।
- महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरुलाई करार सेवामा आरक्षण कोटाको व्यवस्था गरिने नीति लिइने छ।
- हरेक विकास आयोजनामा महिलाको समान सहभागिता गराउने नीति लिइने छ।
- बाल अधिकार संरक्षण तथा संवर्द्धन ऐनको प्रभावकारी कार्यन्वयन गरिने छ। सो को लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।
- बाल क्लव गठन अभियान सञ्चालन गर्ने नीति लिइने छ।
- अठार वर्ष मुनिका बालबालिकाहरुको तथ्याङ्क संकलन गरी अध्यावधिक गरिने छ । जसको लागि आवश्यकीय बजेटको व्यवस्था गरिने छ।
- गाउँपालिका स्तरीय बालकोष स्थापना गरी बालबालिकाको हकहितका लागि खर्च गरिने छ।

- बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै लगिने छ।
- विपन्न, दलित, अपाङ्गता, तथा फरक क्षमता भएको बालबालिकाको पहिचान गरी आवश्यक शैक्षिक सामग्री वितरण गर्ने नीति लिईने छ।

## जेष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिः-

- एकीकृत सामाजिक सुरक्षा योजना प्रभावकारी र पारदर्शी बनाइनेछ।
- बैंकिङ प्रणाली मार्फत वितरण भइहेको सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली सहज , छिटो तथा व्यवस्थित बनाउने नीति लिइने छ।
- फरक क्षमता भएका नागरिकहरुलाई आवश्यकता अनुसार सहायक सामाग्रीहरु उपलब्ध गराइने नीति लिइने छ।
- फरक क्षमता भएका नागरिकहरुको पहिचान गरी जिविकोपार्जनका लागि क्षमता तथा सीप विकास कार्यक्रम सञ्चालन गरिने छ।
- फरक क्षमता (अपाङ्गता) भएका व्यक्तिहरु ( ग र घ वर्गको परिचय प्राप्त ) को जिविकोपार्जन सम्बन्धी व्यवसायिक तालिम सञ्चालन गरिने नीति लिइने छ।
- जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई रुपान्तरित रुपमा सञ्चालन गरिने छ।
- ज्येष्ठ नागरिकहरुलाई उपचारको लागि जिल्ला बाहिर लानु परेमा आवत जावत (सार्वजनिक बस भाडा) खर्चको सहयोग गर्ने नीति लिईने छ।

## सामाजिक सेवा तथा समावेशी प्रवर्द्धन

- गाउँपालिका भित्रका युवा, महिला, दलित, फरक क्षमता भएका समुदायहरुलाई लक्षित गरी सीपमूलक तालिम तथा उद्यमशीलताको विकास गरी आत्मनिर्भरका कार्यक्रमहरु संचालन गरिने छ र सो कार्यको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित वडा कार्यालयलाई नै जवाफदेही बनाउन बजेट सिलिङको २० प्रतिशत रकम विनियोजन गर्ने नीति लिइने छ।

- जनताको अधिकारका निमित्त शहादत प्राप्त गर्नुहुने शहीदहरुको सम्मानमा शहीद स्मृति पार्क निर्माण तथा अन्य रचनात्मक कार्यहरु संचालन गर्ने नीतिलाई निरन्तरता दिइने छ।
- दलित र अल्पसंख्यक समुदायका व्यक्तिहरुको लागि सामुदायिक संगठनहरुको प्रवर्द्धन र नेतृत्व विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- दलित सहकारीहरुलाई व्यवस्थित गर्दै लगिने छ।
- अति विपन्न परिवारलाई मृत्युपर्यन्त गरिने सदगदका लागि आवश्यकता हेरी आर्थिक सहायता गरिने छ।

## बहुक्षेत्रीय पोषण कार्यन्वयन योजना

- प्रत्येक शिशुहरुलाई भविष्यमा **स्वस्थ जीबन बाच्न सकुन** भन्ने उद्देश्यले शिशु जन्मेको १८ महिनासम्म **शिशु पोषण प्रर्बद्धन** कार्यक्रमलाई निरन्तरता दिईने छ। (यो एक दम्पतीबाट जन्मिएका सबै शिशुहरुलाई लागु हुने छ र सो को लागि निश्चित मापदण्डको तयार गरी मापदण्ड पुरा गरेका लाभग्राहीलाई मात्र वितरण गर्ने व्यवस्था मिलाइने छ ।)
- गर्भवती महिला र नवजात शिशुको स्वास्थ्य अवस्था सुधार गर्नको लागि २४ घण्टे प्रसुती सेवा सञ्चालनमा रहेका स्वास्थ्य चौकीको ब्यवस्थापन क्षमता अभिवृद्धि गरिने छ।
- गर्भवती महिला भएको घरमा संकेत चिन्ह प्रयोग गर्ने नीतिलाई लिइने छ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सुनौलो हजार दिनका महिला, बालबालिका तथा किशोरीहरुका लागि विषेश कार्यक्रमहरु सञ्चालन गरिने नीति लिइने छ।
- **बहुक्षेत्रीय पोषण** कार्यन्वयन कार्यक्रम अन्तर्गत कृषिमा लगानी गरी ताजा तथा घरेलु करेसाबारीमा उत्पादित तरकारीको प्रयोगलाई बढावा दिने किसिमका कार्यक्रमहरुको आयोजना गारिने नीति लिइने छ।

  यस योजना अन्तर्गत महिला सहकारीमा बीउ पुँजी उपलब्ध गराइ **सुनौलो हजार दिन**का आमाहरुको सहुलियतका लागि कर्जा उपलब्ध गराउने नीति लिइने छ।

- बहुक्षेत्रीय पोषण कार्यन्वयन कार्यक्रम अन्तर्गत बालबालिकाको स्वास्थ्यलाई मध्यनजर गर्दै **स्वच्छ खानेपानी तथा शौचालय**को **सरसफाइ**मा सहयोग गर्ने किसिमका कार्यक्रमहरु संचालन गरिने छ।

## वन, वातावरण तथा विपद् व्यवस्थापनः-

### वन तथा भू-संरक्षण

- दिप्रुङ चुइचुम्मा गाउँपालिकाको बन ऐनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।
- गाउँपालिका क्षेत्रभित्रका सवै प्रकारका बन क्षेत्र(संरक्षण क्षेत्र, सामुदायिक बन, कबुलियती बन, नीजि बन, धार्मिक बन) को व्यवस्थापन गरिने छ।
- जलवायु परिवर्तनका नकारात्मक प्रभाव न्यूनिकरण तथा अनुकुलन, जलउत्पन्न प्रकोप तथा विपद जोखिम न्यूनीकरण र एकीकृत जलाधार क्षेत्रको व्यवस्थापन योजना तर्जुमा गरी प्राथमिकताका साथ कार्यान्वयन गरिने छ।
- गाउँपालिका क्षेत्रभित्रबाट निकासी हुने कुकाठहरु गाउँपालिकाले तोकेको राजश्व पालिकामा जम्मा भएपछि मात्र निकासी गर्ने व्यवस्था मिलाइने छ।
- गाउँपालिकाभित्र रहेका बन पैदावरको सहज आपूर्ति प्रवाह मार्फत नीजि तथा सार्वजानिक जग्गामा वृक्षरोपण, जडिबुटी खेती विस्तार गरी रोजगारी र जिविकोपार्जनमा सुधार ल्याइनेछ।
- जैविक मार्ग निर्माणको लागि सम्भाव्य क्षेत्रहरुको अध्ययन गरी सम्बन्धित निकायसँगको साझेदारीमा सो मार्ग निर्माण गर्न पहल गरिने छ।

### जलाधार संरक्षण र जलवायु परिवर्तन

- दिप्रुङ चुइचुम्मा गाउँपालिका क्षेत्र भित्र रहेका पानीका मुहान, पोखरी, ताल-तलैया, कुवा, सिम्सार क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्न विशेष नीति ल्याइनेछ।
- सडकका किनारामा भूक्षय प्रतिरोधी विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित समुदायलाई परिचालन गरिने छ।
- भूक्षय गएका ठाँउमा वृक्षरोपण गर्ने नीति लिइने छ।
- भिरालो जमिनमा बाँस सल्ला सिसौ साल जस्ता विरुवाहरु रोप्ने नीति मिलाइने छ।

## फोहोर मैला व्यवस्थापन

- गाउँपालिकाभित्र साप्ताहिक, पाक्षिक,लमासिक र बार्षिक रुपमा लाग्ने हाट बजार क्षेत्रमा उत्पादित फोहोर मैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइडको  व्यवस्था गरिने छ।
- पोहोर मैला व्यवस्थापनका लागि जनचेतना जगाउन वडा कार्यालय, स्वास्थ्य चौकी कर्मचारी, बुद्धिजीवि, शिक्षक, राजनीतिक दल, नागरिक समाजसँगको सहकार्यमा जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ।
- जनचेतनाका लागि सार्वजानिक स्थलमा होर्डिङ बोर्ड राख्ने व्यवस्था मिलाइनेछ।

## विपद व्यवस्थापन

- गाउँपालिकामा रहेको विपद व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ।
- विपद्को रोकथाम तथा न्यूनीकरणका लागि पूर्वतयारी तथा रोकथाम, र पुनर्लाभका कार्यक्रम संचालन गरिने छ।
- पूर्वाधार विकास कार्यक्रम संचालन गर्दा विपद जोखिम संवेदनशिलतालाई केन्द्रमा राखी संचालन गरिने छ।
- भूकम्प प्रतिरोधी घर निर्माणमा जोड दिइनेछ।
- युवालाई विपद व्यवस्थापन सम्वन्धी तालिमको व्यवस्था मिलाइने छ।

## पूर्वाधार विकास

- गाउँपालिकामा रहेको समपुरक कोषलाई निरन्तरता दिइनेछ।
- दि.चु.गा.पा १ याम्खा देखि खानिडाँडा विमानस्थल जोड्ने सडकलाई संघीय सरकारसँगको साझेदारीमा कालोपत्रे सडक कार्यक्रम द्रुत गतिमा गर्न लगाइ तोकिएको समयमा काम सम्पन्न गराउन निगरानी बढाइनेछ।
- खेती योग्य जमिनमा सिंचाइ सुविधा पुऱ्याउन कुलोहरुको निर्माण र हिउँदे पोखरीहरुको निर्माणकार्यलाई निरन्तरता दिइनेछ।
- डि.पि.आर तयार भएका योजनाहरुको निर्माण कार्यका लागि  संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी आवश्यक बजेटको व्यवस्था गर्दै लगिने

छ। छिमेकी स्थानीय तहसँग साझेदारी गर्नुपर्ने आयोजनाहरुको विषयमा समन्वय गर्न निरन्तरता दिइने छ।

## खेलकुद

- गाउँपालिका स्तरीय खेलकुद मैदानमा युवाहरुको वर्तमान अवस्थामा खेलकुदमा रुची उच्च रहेको कारण खेलकुद प्रतियोगिता संचालन गरिने छ।
- गाउँपालिकामा भएका खेलाडीहरुका लागि विशेष कार्यक्रम संचालन गरिने छ।

## अभिलेख व्यवस्थापन

- अभिलेख व्यवस्थापन कार्यलाई प्रविधिमैत्री बनाउदै लगिनेछ।
- जग्गा जमिनको वर्गीकरण, सार्वजानिक जमिन, बन क्षेत्र, खोला र मैदानको विवरण तयार गरी प्रकाशन गरिने छ।
- पुरातात्विक सम्पदाहरुको संरक्षण, खोज तथा अभिलेखको अध्ययन सम्बन्धी विज्ञहरुको सुझाव समिति गठन गरिने छ।
- स्थानीय भाषा,संस्कृति र ललितकलाको संरक्षण गरिने छ।
- सार्वजानिक सम्पतिको संरक्षण र अभिलेख व्यवस्थापन गर्न बजेटको व्यवस्था गरिने छ।

## सूचना तथा संचार

- सफ्टवेरको प्रयोग मार्फत योजना सम्झौता रकम भुक्तानी प्रक्रियामा लगी कागजरहित गाउँपालिकाको परिकल्पना गरिएको छ।
- गाउँपालिकाको समृद्धिको निमित्त स्वस्थ, निष्पक्ष, विस्वसनीय तथा गाउँपालिकाको विकासको निमित्त निरन्तर पत्रकारिता गर्ने पत्रकारलाई सम्मान सम्मान गर्ने नीति अवलम्बन गरिने छ।

## साहित्य/संगीत

- यसै आर्थिक वर्षमा पालिका गान रेकर्डिङ गरिने छ।
- गीत संगीत र साहित्य क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउने व्यक्तित्वहरुको लागि विशेष नीति अवलम्बन गरिने छ।
- स्थानीय कला र गलाको लागि प्रोत्साहन गर्ने नीति लिइने छ।

**धन्यवाद !!**

अरुणा थापा मगर
उपाध्यक्ष
दिप्रुङ चुइचुम्मा गाउँपालिका,
खोटाङ